# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०१/१०

तेस्रो अधिवेसन

(२६औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २६औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ॥

२. **माननीय सदस्यहरु,**

अब **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरु,**

**"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि कुनै पनि माननीय सदस्यहरुको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

४. **माननीय सदस्यहरु,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, हाम्रो प्रदेशमा विगत विभिन्न समयमा हावाहुरी बाढीपहिरो चट्याङ अतिवृस्टि अनावृष्टि जस्ता प्राकृतिक प्रकोपहरु आएर हाम्रा नागरिकको जनजीवनलाइ दुख दिएको अस्तव्यस्त पारेको कुरा हामी सबैलाइ थाहा नै छ । धेरै पटक माननीय सदस्यहरुबाट यो विधेयक समयमै आओस र प्रदेशबासी नागरिकहरुले राज्य भएको अनुभूति गरुन भन्ने मनसायबाट सम्मानित सदनमा बारम्बार मागहरु भएकै हुन् । हामीले प्रदेशको कुनै पनि कोष संचालन गर्ने सम्दर्भमा त्यसलाइ गोभर्निङ गर्ने Act भएन । मापदण्डले मात्र बाढ्न पाउने त्यसतो कानूनी प्रावधान नभएका कारणले हामीले त्यसलाइ गोभर्निङ Act को रुपमा प्रदेश जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी विधेयक ल्याउनु परेको कुरा सम्मानित सदनलाइ जानकारी गराउन चाहान्छु । नेपाल सरकारले पनि विपद् व्यवस्थापन सम्बन्धी कानुन ल्याएको तर नियमावली नआएको कारणले हामीले नियमावलीमा व्यवस्था गरिएको प्रदेश व्यवस्थापन समिति सम्बन्धी समिति जुन छ विपद व्यवस्थापन समिति तोकिए बमोजिम हुने

भन्ने ऐनमा व्यवस्था भएकोले नियमावली नआइसकेको अवस्थामा हामीले त्यो समिति गठन गर्ने सक्ने स्थिति थिएन कानूनी आधार थिएन । यी विविध कुरा प्रस्ट संचालन गर्नलागि गोभर्निङ Act चाहिने कुरा अनिवार्य भएका कारणले हामीले यो प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक ल्याएको कुरा म निवेदन गर्न चाहान्छु । म यो विधेयकलाइ सभासमक्ष टेबल गर्ने अनुमति चाहान्छु । आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रदेश सभा सचिवालयमा मिति २०७६ साल वैशाख ६ गतेमा दर्ता भएको प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिक कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा माननीय सभामुखज्यूबाट जानकारी प्राप्त हुन आएको छ । विरोधको सूचना दर्ता नगराइ विधेयकलाइ सभामा दर्ता गर्न मार्ग प्रसस्त गर्नुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरुमा प्रदेश सरकारको तर्फबाट म धन्यवाद प्रदान गर्न चाहान्छु । कानूनसम्मत विरोधको सूचना प्राप्त नभएपश्चात माननीय सभामुखज्यूबाट विधेयक सभासमक्ष टेबुल गर्न अनुमति प्रदान भएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम १०६ को उपनियम २ बमोजिम प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ सभासमक्ष पेश गर्दछु धन्यवाद ।

*(टेबुल गरेपछि)*

**५. माननीय सदस्यहरु,**

**"विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको आजको कार्वाही समाप्त हुन्छ ।

**६. माननीय सदस्यहरु,**

अब सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ को प्रतिबेदन सहितको नियमावली माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**७. माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ को प्रतिबेदन सहितको नियमावली माथि प्रदेश सभा नियमावली २०७४, को नियम ११० बमोजिम संशोधनको प्रस्ताव दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**८. माननीय सदस्यहरु,**

अब म सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली २०७५ को प्रतिबेदन सहितको नियमावली माथिको संशोधन सम्बन्धी प्रस्तावका प्रस्तावक माननीय श्यामलाल राना थारुलाई संशोधन प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, जहाँ एउटामात्र विचार हुन्छ, एउटा विचारले एकाधिकारको जनम दिन्छ र एकाधिकारले कहिलेपनि पारदर्शिता मितव्ययीता ल्याउन सक्दैन । त्यस कारणले विभिन्न विचारहरुको मनथन विभिन्न विचारहरुको निचोणले मात्र उपयुक्त निर्णय लिन सक्छ र विभिन्न विचार र मन्थनले सर्बोत्तम विचारहरुको

सर्वोत्तम विकल्पको छनौटले मात्र उपयुक्त निर्णय ठहर हुन्छ र त्यसबाट मात्र सुशासन कायम गर्न सकिन्छ । हिजो हामी विगतमा एकात्मक शासन शैलीको विरुद्धमा सबै राजनीतिक दलहरु लड्यौं र आज सत्तामा पुग्दा हामी २/३ हो दम्भले फेरी एकात्मक विचार र एकात्मक शैलीको पक्षमा उभिन गएका छौं । त्यस कारणले अहिलेको प्रजातान्त्रिक र लोकतान्त्रिक प्रणालीमा यो उपयुक्त हुन सक्दैन । शासन सत्ता संचालन व्यवस्थामा एकलौटी विचार र एकाधिकारले थिचोमिचो मात्रै बढाउने र काम कर्तव्य उत्तरदायित्व माथि गम्भिर नभएर अधिकार मात्रको प्रयोग गर्ने भएकोले यसले विकृति पनि जन्माउन सक्छ । तसर्थ लोकतान्त्रिक र प्रजातान्त्रिक प्रणालीको यो एउटा विशेषता पनि हो र सबै राजनीतिक दलका विचारहरुलाइ समेटेर लैजानु यसको सिद्धान्त प्रणाली पनि हो । २०७२ सालको संविधान हामीले प्राप्त गर्यौं । यो संविधान पनि सबै राजनीतिक दलको सुजबुझ र सहमतिको दस्तावेज हो र आज हामी यो सुदूरपश्चिम प्रदेशमा हामी जे पनि गर्न सक्छौं । आपसी सुजबुझ आपसी सहमतिको आधारमा हामी यो प्रदेशलाइ अमनचयन कायम राख्न सक्छौं शान्ति सुरक्षा कायम राख्न सक्छौं । त्यस कारणले हामी सबैको दायित्व हो हामीले मिलेर जान सक्नु पर्छ र साना कुरामा पनि झिना मसिना कुरामा हामीले अड्चन लगाएर यसरी एकलौटी अधिकारको प्रयोग गर्ने कुरा प्रजातान्त्रिक प्रणालीमा सुहाउदैन । त्यस कारणले १ वर्ष भन्दा बढी भइसक्यो यो सरकार गठन भएको । अहिलेसम्म सचिवालय सम्बन्धी जुन पहिलो मुल नियमावली बनेको छ त्यसको आधारमा एउटा पनि वैठक नबस्नु त्यसको के कारण हो । किन आजसम्म वैठक बस्न सकिएन र प्रतिपक्ष दलबाट प्रतिपक्षी दलको नेताबाट कुन किसिमको अड्चन र व्यवधानहरु खडा भयो । हामीले यो प्रश्न उठाउनु पर्ने बेला पनि छ । र के कारणले फेरी आजै अहिलेसम्म १ वैठक पनि नबसालेर पुनः यसलाइ संशोधन गर्नुपर्ने अवस्था आयो । किन यो निर्णयबाट गराउनु पर्यो । त्यस कारणले यस प्रदेशमा प्रदेश सभाबाट पारित प्रदेश सभा नियमावली २०७४ को दफा १४६ नियम २ ले गरेको व्यवस्था नै ठिक छ उपयुक्त नै छ र मुल नियमावलीको नियम १४६ मा रहेको सचिवालय व्यवस्थापन समितिमा प्रमुख प्रतिपक्षी दलको नेता रहने व्यवस्था हटाइ प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिबाट मस्यौदा नियमावलीको मस्यौदा प्रस्तुत भएकोले मुल नियमावलीमा भएको प्रमुख प्रतिपक्ष दलको नेता सदस्य रहने गरी मस्यौदा समितिमा संशोधन गरियोस भनी प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**९. माननीय सदस्यहरु,**

अब म माननीय श्यामलाल राना थारु बाट प्रस्तुत भएको संशोधनको प्रस्तावको समर्थन गर्न माननीय अम्बी कुमारी थापालाई समय दिन्छु।

**माननीय अम्बी कुमारी थापा**

माननीय सभामुख महोदय, मुल नियमावली नियम १४६ मा रहेको सचिवालय व्यवस्थापन समिति प्रमुख प्रतिपक्ष दलको नेता रहने व्यवस्था थियो । त्यो व्यवस्थालाई कुन कारणले हटाइयो । त्यो समितिमा प्रतिपक्ष दलको नेता बस्दा यो सरकारलाई के आपत्ति भयो र सचिवालयलाई के आपत्ति भयो । यो कुरा श्यामलाल रानाले राखु भएको कुरा प्रतिपक्ष दलको नेता रहेसम्म अहिलेसम्म सरकार गठन भएको लगभग २ वर्ष हुन थाल्यो अहिलेसम्म एउटा मिटिङ पनि गर्न नसकेर यो मस्यौदा संशोधन गर्नुपर्ने आपत्ती के आइलाग्यो । त्यसैले हामीले यो संशोधन प्रस्ताव राखुभएको श्यामलाल रानाले र राखुभएको संशोधन प्रस्तावको म समर्थन गर्दछु धन्यवाद ।

*(समर्थन गरेपछि)*

**१०. माननीय सदस्यहरु,**

अब म यस संशोधन प्रस्तावका प्रस्तावक माननीय श्यामलाल राना थारु लाई उक्त प्रस्ताव फिर्ता लिन चाहाने फिर्ता लिनको लागि समय दिन्छु ।

***(प्रस्ताव फिर्ता नलिएमा)***

**११. माननीय सदस्यहरु,**

अब म माननीय श्यामलाल राना थारुले प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

**("हुन्छ" भन्नेको बहुमत भएमा)**

"हुन्छ" भन्ने माननीय सदस्यहरुको बहुमत देखिएकोले माननीय श्यामलाल राना थारुबाट प्रस्तुत गरिएको संशोधनको प्रस्ताव बहुसंख्यक माननीय सदस्यहरुको ध्वनी मतको आधारमा बहुमतबाट स्वीकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**१२. माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** को प्रतिबेदन सहितको नियमावली माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीलाई प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, यो प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिले यो भन्दा अगाडी आफ्नो प्रतिवेदन बुझाइसकेको छ र यो सुदूरपश्चिम प्रदेशको प्रदेश सभा पहिलो संशोधन नियमावली २०७५ लाई प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम सभाबाट यो संशोधित मस्यौदा पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१३.माननीय सदस्यहरू,**

अब म, प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** को प्रतिबेदन माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

**१४. माननीय सदस्यहरू,**

अब,प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदन माथि छलफल प्रारम्भ हुन्छ । छलछफलमा प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिको प्रतिवेदन र सो सम्बन्धी नियमावलिका नियमहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **मा० बलदेव रेग्मी** लाई समय दिन्छु ।

**माननीय बलदेव रेग्मी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको सभाको नियमावली संशोधन प्रस्तावमा म आफ्ना केही भनाइ राख्न चाहान्छु । विशेष गरेर यो समितिले एक वर्ष पछि यो संशोधन हुँदैछ । यसरी केही कुराहरु विगतमा हामीले गर्दै गरेका केही नियमहरु संशोधन गर्नुपर्ने परिपाटी पनि हो र अहिले यहाँहरुले यो समितिले मेहेनतका साथ यो संशोधन पेश गरेको छ । विशेष गरेर विगतमा हामीले कार्यव्यवस्था परामर्श समितिमा जम्मा ७ जनाको भन्ने थियो अब अहिले यो ११ जनाको नाम सिफारिस भएको छ । यो पनि आफैमा महत्वपूर्ण छ किनकि अब सबैको सहभागिता आवश्यकता छ । त्यसतै विशेषगरेर हामीलाइ बेला बेलामा आलोचना हुँदै आएको प्रदेश सभाबाट नियमावली पारित हुने कुरा जुन अप्ठ्यारो थियो जुन १२० घण्टाबाट ७२ घण्टा संशोधन भएको छ । यो आफैमा महत्वपूर्ण छ । यसले गर्दा प्रदेशमा नियमावली ऐन पास हुने कुराले अलि गति दिनेछ र यसले गर्दा हामीलाइ पनि सहज हुनेछ । अहिले मिडियामा पनि प्रदेश सभाको वैठक तथा भाषणका लागि मात्र सिमित छ भन्ने धेरै गुनासाहरु आइरहेका छन् र यसले गर्दा हामीलाइ सहजताका लागि आवश्यकता पनि थियो त्यसतै सचिवालय संचालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा हाम्रो यस सभामा विगतको प्रस्ताव पनि पेश भयो ।

स्वभाविक रुपमा यो सदन संचालनका लागि कार्यव्यवस्था परामर्श समितिमा प्रतिपक्षको दलको भूमिका महत्वपूर्ण छ । यहाँहरुको भूमिका सराहनीय नै छ । यसले सहयोग मदत गर्दै आउनुभएको छ सदन संचालनका लागि । विशेष गरेर सचिवालय संचालन भनेको सचिवालय भित्र समिति रहेका कारणले पनि यो सभामुख र सचिवालय भित्रका महत्वपूर्ण व्यक्तित्वहरुको आवश्यकता भएका कारणले पनि यो कार्यालय संचालनमा यसरी आज असहमति आएको छ योलाइ पनि अब वाहाहरुले हिजोका दिनमा एउटा त्रुटी भएर यो समावेश भएता पनि यो नभए पनि ठिक छ भन्ने सम्म आएको छ । वाहाले यसमा केही आफ्नो राय राखेता पनि यसमा वाहाहरुको समर्थन नै हो भन्ने लागेको छ । त्यसतै हामीले यो प्रदेश सभामा सम्बोधनका लागि पनि महत्वपूर्ण व्यक्तित्वका लागि जुन एउटा ढोका खोलिएको छ यसले प्रदेश सभाको गरिमा उच्च राखेको छ । र हामीले हाम्रो यस सभामा आएर केही महत्वपूर्ण महानुभावहरुले कुरा भनाइ राख्ने अवसर दिएका छौं र हामीले हिजोको त्यो बाटो बन्देज थियो । यसरी लेखा समितिको अधिकारलाइ पनि महालेखा परिक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने कुरा पनि संशोधन गरेको छ । यसरी महत्वपूर्ण कुराहरु जले आर्थिक रुपमा यहाँको व्यवस्थापनको रुपमा र अन्य नीति निर्माणको रुपमा यो नियमावली परिमार्जित हुन आवश्यक थियो आवश्यक रहेको छ यसको लागि म समितिलाइ हार्दिक धन्यवाद दिदै मेरो भनाइ टुंग्याउन चाहान्छु धन्यवाद ।

**माननीय डिल्ली राज पन्त**

सभामुख महोदय, कानून आफैमा पनि कहिलै पूर्ण हुँदैन । लिखित कानून होस अलिखित होस । कानूनले समय अनुसार आफुलाइ परिवर्तन गर्नसक्नु पर्छ गर्नुपर्छ यो अनिवार्यता नै हो । त्यसतो नगरेको खण्डमा राज्य संचालन सम्बन्धी आदि इत्यादी सामाजिक संचालन सम्बन्धमा अप्ठ्याराहरु आइपर्छन । त्यस कारण अहिले प्रदेश नियमावली संशोधन भएका छन् । धेरै कुराहरु आवश्यक नै थियो र आवश्यकता अनुसार समय अनुसार यी जो परिवर्तन हुन आट्या छन् हामीले संशोधन ल्याएका छौं त्यो स्वभाविक नै मान्नु पर्छ । तर एउटा संचय धारा १४६ का सम्बन्धमा एउटा संचय के छ भने १२ बुदे सहमति देखी लिएर अहिलेको हाम्रो यो प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन हुन्जेलसम्म सहमति र सहकार्यमा हामी हिडेका हौं र सहमति र सहकार्यका कारणले यो मुलुक आज यो ठाउमा पुगेको हो र यस सन्दर्भमा हाम्रो एउटा धारणा के छ भनेदेखी संविधान लागु गर्दै जादा नयाँ राज्य संचालन गर्दै जादा यहाँ कानूनका कमीहरु छन् यहाँ व्यवस्थापनका कमीहरु छन् धेरै कमी कमजोरी छन् जहाँ हामीले संगै मिलेर जानुपर्छ । हामीले विगतमा पनि पटक पटक भनेका हौं । प्रतिपक्षमा भएर पनि हामीले भनेका हौं कि सत्तापक्ष प्रतिपक्ष हामी सबै एउटा डुंगामा छौं एउटै नाउमा छौं । कुनै कारणले सत्ता पक्ष फेल भएमा डुबेमा प्रतिपक्ष पनि सँग सँगै डुब्छ त्यसैले हामीहरुको सहकार्य सँधै सहने छ । अनि हामीले पटक पटक भनेका छौं र यो सहकार्यलाइ अझ अगाडी बढाउनका लागि प्रदेश सभा नियमावली १४६ मा प्रतिपक्षले जे भूमिका पाउनुपर्ने थियो त्यहाँबाट प्रतिपक्षलाइ हटाइएकोमा सहकार्यका कुराहरु यो सरकारले पंछाएको मलाइ भान भइराखेको छ । यसको संगसंगै हामीले यो सदनलाइ दिएका सुझाव सल्लाह जोले अहिलेसम्म हामीले दिएका सुझाव सल्लाहलाइ सरकारले आलोचनाका रुपमा लिने गर्थ्यो तर अब विस्तारै आउदा खेरी यो समय सम्म पुग्दाखेरी डेड वर्षको हाम्रो कार्यकाल पुग्दासम्म सत्ता पक्षले पनि हाम्रै आवाज उठाएर हाम्रै कुराहरुलाइ सदनमा पुनः रिपिट गरेको देख्छौं चाहे शान्ति सुरक्षाका कुरा चाहे अस्पतालका कुरा हुन् नीति निर्माणका कुरा हुन् बजेटका कुरा हुन् विपद व्यवस्थापनका कुरा हुन् जे जे कुरा विपक्षीले भन्दै आएका थिए त्यो कुरा अब सत्ता पक्षबाट आइराछ त्यसको अर्थ के हो भनेपछि विषक्षीले यो सदनलाइ सही गाइडेन्स गरिराथ्यो ।

र अझ पनि गर्नेछ नगर्ने होइन तर धारा १४६ बाट प्रतिपक्षलाइ हटाउदा प्रतिपक्षलाइ के नारा लगाएको हो हामीले ठहर गरेका छौं । र अहिले एउटा नयाँ कुरा मैले यो सदनमा देखें हामीले संशोधन प्रस्ताव पेश गर्दाखेरी सदनमा तेलाइ राखियो प्रस्ताव पनि पेश गर्ने अवसर दिइयो । समर्थन पनि गर्ने अवसर दिइयो । तर ठीक यही कुरा हामीलाइ राजधानीको सम्बन्धमा हामीले पनि तेतिबेला एउटा प्रस्ताव पेश गरेका थियौं त्यसमा यो विधि अपनाइएन । हामीलाइ त्यसको बारेमा बोल्ने अवसर दिइएन । जब यो विधि थियो भनेपछि तेतिबेला पनि उ विधि लागु हुनु पर्ने । किन लागु भएन । यदि उ विधि थियो भने पछि त्यो विधि अहिले किन लागु भएन । यो दैध चरित्र किन यो सदनमा देखिराछ । हामीलाइ कहि १४६ बाट प्रतिपक्षलाइ हटाउन र यी दुइटा राजधानी र यो आजको संसोधन विधेयकमा दुइटा भिन्ना भिन्नै तरिका अपनाउनाले निस्चय नै नहिच्चिकिचाइकन भन्नुपर्छ दुइतिहाइको दम्भ कतै न कतै छताछुल्ल भइराछ भन्ने हामीलाइ लाग्छ । तापनि नियमावली संशोधन सम्बन्धी जो अन्य कुराहरु छन् सचिवालय बाहेकका ति समयअनुसार हुनुपर्थ्यो भएका छन् र आगामी दिनमा पुनः म अनुरोध गर्न चाहान्छु सदनलाइ सरकारलाइ कि हामीले अझ धेरै ठुलो यात्रा तय गर्नु पर्ने छ । यो सरकार फेल हुँदैन संघीयता फेल हुने डर हुन्छ । सुदूरपश्चिम फेल हुने डर हुन्छ । हामीलाइ बडा विश्वासका साथ यहाँ जनताले पठाएको छ । यो विश्वास धरापमा पर्छ । त्यसैले प्रतिपक्षलाइ पनि संगसंगै लिएर जाने अभ्यास होस यहाँबाट यो सदनबाट यो सरकारबाट भन्ने म आशय दिदै विदा हुन्छु धन्यवाद ।

***(बोलि सकेपछि)***

**१५. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदन सहित नियमावली माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**१६. माननीय सदस्यहरू,**

अब प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीलाई **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** को प्रतिबेदन सहित नियमावली माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाबाट गठित यो पहिलो नियमावलि संशवधन मस्यौदा समितिको कार्यमा माननीय सदस्यज्यूहरुले यहाँ केही जिज्ञासाहरु राख्नुभएको छ र म संक्षिप्तमा त्यो कुरा राख्ने अनुमति चाहान्छु । मलाई लाग्दैन अहिले हामीले जुन व्यवस्थाको अभ्यास गरिराखेका छौं र जुन प्रक्रिया र नियमावलीको अभ्यास जुन गरिराखेका छौं र जुन संसदीय व्यवस्थामा हामी छौं त्यस अन्तरगत सैद्धान्तिक रुपमा हामीले त्यो कुरालाई स्विकार गरेर र विगतको परम्परा र हाम्रो मुलुकले अंगिकार गरेको संघीय संरचना अनुसार र त्यो संरचनाको नियमावली अनुसार हामीले यसलाई यो नियमावलीको मस्यौदामा हामीले ६ वटा दफालाई हामीले संशोधन गरेका छौं र ६ वटा दफामा खास गरेर प्रतिपक्ष दलका १ जना माननीय सदस्यको पनि त्यहाँ सहभागिता थियो । विपक्ष दलको नेता अहिलेसम्म हामीले हाम्रो देशमा त छदैछैन र अरु देशमा पनि कतै छ कि भनेर त्यो पनि हामीले कोशिष गर्यौ त्यो पनि अभ्यास छ कि भन्ने हामीले प्रयास गर्यौं तर हामीले त्यो भेटाएनौं । त्यस कारण यो आवश्यकताको बारेमा थियो या थियन मैले यो भन्दा अगाडी मस्यौदाको संयोजकको हिसाबले मैले

समितिको निर्णय मैले प्रस्तुत गरिसकेको छु र यो समितिबाट आएका जतिपनि मस्यौदा संशोधन समितिले पेश गरेका प्रस्तावलाई मैले संक्षिप्त जवाफ दिदै विदा हुन्छु धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

**१७. माननीय सदस्यहरू,**

अब, म प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ६ (छ) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई नियमावलीको अङ्ग बनोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१८. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ६ (छ) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले नियमावलीको अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१९. माननीय सदस्यहरू,**

अब, म नियमावली प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेश नं.७ को प्रदेश सभा नियमावली, २०७४ लाई संसोधन गर्न बान्छनिय भएकोले नेपालको संविधानको धारा १९४ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले आफ्नो कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन देहायका नियमहरु बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

**२०. माननीय सदस्यहरू,**

अब म, नियमावलीको प्रस्तावना र नाम **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ नियमावलीको प्रस्तावना र नाम सर्वसम्मतीले **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** को अङ्ग बनेको घोषणा गर्दछु।

***(घोषणा भएपछि)***

**२१. माननीय सदस्यहरू,**

अव म, प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरी लाई **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, यो सुदूरपश्चिम प्रदेश सभाले बनाएको समितिबाट पहिलो संशोधन प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**२२. माननीय सदस्यहरू,**

अब, म प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**२३. माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५"** माथिको कार्वाही यहि समाप्त हुन्छ ।

**२४.माननीय सदस्यहरु,**

अब "**प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**२५. माननीय सदस्यहरू,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुत कर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभामा छलफलमा निम्ति अनुमति चाहान्छु । प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भएपश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (क) बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**२६. माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**२७. माननीय सदस्यहरू,**

अब, **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम मा० महेश दत्त जोशीलाई समय दिन्छु ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुखज्यू, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ यो आवश्यक थियो र यो आवश्यकता अनुसार नै सरकारले यलाइ प्रस्तुत गरे पश्चात विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन जुन आएको छ यो प्रतिवेदन उपयुक्त छ । हामी लोकतन्त्रमा छौं हाम्रो संविधानले लोकतन्त्रको सम्पूर्ण अवयवको ग्यारेन्टी गर्दछ । त्यसैभित्र व्यवस्थापिका राज्यका ३ वटा अंग मध्ये व्यवस्थापिका कार्यपालिका र न्यायपालिका भित्र व्यवस्थापिका र व्यवस्थापिकाको प्रमुख सभामुखलाइ दलिय भावनाले हेरिएको छैन । हाम्रो संविधानको मर्म र संसारकै लोकतन्त्रको परिभाषामा सभामुख दलिय संस्था होइन । सभामुख आफैमा संस्था हो । सभामुख उपसभामुख लगायत यसका अवयवहरु यसका अंगहरु सबै दल विहिन अवस्थामा हुन्छन् । यो संसारकै चलन लोकतन्त्रको परम्परालाइ कायम राख्न विधायन तथा प्रदेश मामिला समितिमा छलफल भएर हाम्रो सभामुख प्रदेश सभाको सभामुख पनि दल विहिन नै हुनुहुन्छ । वाहाको निर्वाचनको बेला व्यक्तिको रुपमा हेरेर हुँदैन । वाहालाइ सभामुखको रुपमा सफत गराएकै दिन भन्दा अघिल्लो दिन दलबाट राजिनामा गरेर कुनै पनि दलमा आवद्ध हुनुहुन्न । त्यसैले त्यो सचिवालय पनि दलविहिन अवस्था मै एउटा संस्थाकै रुपमा अगाडी बढ्नको लागि त्यहाँ कुनै दलको प्रतिनिधि नहुने अवस्था नै हामीले गर्नुपर्छ । त्यो उपयुक्त व्यवस्था हुन्छ । यदि त्यो दललाइ पक्षलाइ वा विपक्षलाइ स्थान दिने हो भने पक्षलाइ दिए प्रतिपक्षलाइ पनि दिनुपर्ने हुन्छ । प्रतिपक्षलाइ दिए पक्षलाइ पनि दिनुपर्ने हुन्छ । यो दलिय प्रतिपर्धा र दलिय प्रणाली र दलिय उपस्थिति जहाँ हुन्छ त्यहाँ त्यो व्यवस्था सबै दललाइ हामीले गर्नुपर्ने हुन्छ । जस्तो सदनमा प्रतिपक्ष दलको नेता हुन्छ सत्ता पक्षको दलको नेता पनि हुन्छ । सत्ता पक्ष दलको नेता त सरकार प्रमुख नै हुन्छ । तर सभामुख यसतो गरिमामय लोकतन्त्रको परिकल्पना जुन दलिय भावना त्यहाँ हुँदैन दलिय झझल्को त्यहाँ हुँदैन त्यसैले सभामुखको सचिवालय पनि दलविहिन नै हामीले व्यवस्था गर्नुपर्छ भनेर नै यो विधेयकले भनेको छ र

सभामुखलाइ सहयोग गर्ने सचिवालय जुन छ त्यो सचिवालय पनि संस्था हो । त्यसले सभामुखलाइ बलियो बनाउछ । यस बाहेक सल्लाह दिने दलिय व्यवस्थाहरु पनि छन् । परामर्श समिति छ जसमा दलको उपस्थिति हुन्छ । सबै दल त्यो संसदभित्रका सबै दलहरु परामर्श समितिमा दलिय भावना दलिय अधिकार दलिय भाग त्यहाँ खोज्न सभामुखलाइ अनुरोध गर्छन् । त्यसैले हाम्रो व्यवस्था अनुसार हाम्रो संविधानको व्यवस्था अनुसार लोकतन्त्रको परिभाषा अनुसार संसारको प्रचलन अनुसार सभामुख दलविहिन अवस्था मै राख्नु पर्छ । तबमात्रै लोकतन्त्र बलियो हुन्छ र लोकतन्त्र मजबुद हुन् भन्ने हिसाबले नै बाइ मिस्टेक कही प्रतिपक्ष दल हो भन्ने प्रेडिट भएको कारणले यलाइ हामीले अहिले भर्खरै नियमावली संशोधन गरेर त्यो Mistake सुधार गर्यौं । यसरी कानूनहरुलाइ हामीले कतै Print Mistake भयो । नयाँ नयाँ छौं अब लेख्नमा पनि पुराना व्यवस्थाहरुमा पनि कानून त नियमित रुपमा संशोधन हुने व्यवस्था नै हो । फकिर का फकिर भनेर कानून लेखिए पछि परिवर्तन नै हुँदैन भन्ने हुँदैन । कानूनहरु परिवर्तन हुन्छन् । हामीले भर्खरै हाम्रो प्रदेश सभा नियमावली २०७४ लाइ परिवर्तन गरेर जुन त्यहाँ त्रुटी थियो तेलाइ हामीले सच्यायौं । सभामुखको सचिवालय दलविहिन नै हुनुपर्छ । सत्ता पक्षको अथवा प्रतिपक्षको उपस्थिति भएर त बाझाबाझ गर्ने त सभामुखलाइ एउटा संविधान भन्दा बाहिर लैजाने अवस्था हामीले गर्न हुन्छ भन्ने अवस्था यो गरिमामय सदनले यो कुरालाइ सर्वसम्मत रुपमा स्वीकार गरोस । यसैले सभामुख महोदयले सबै दलको प्रतिनिधित्व गर्नुहुन्छ । हाम्रो संविधानको भावना अनुसार नै प्रदेश सभालाइ संवोधन गर्नुहुन्छ । वाहा दलिय आग्रह वा पुर्वाग्रह राख्नुहुन्छ । यो हाम्रो विश्वास । यो सदनको गरिमा । यो सदनको मर्यादा कायम गर्नुहुन्छ भनेर पूर्ण सदनले वाहामाथि विश्वास गरेको कुरालाइ यो नियमावलीले परिमार्जन गर्छ यो विधेयकले तेललाइ पुष्ट गर्छ त्यसैले यो प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपयुक्त छ । वर्तमान स्थितिमा यो ठीक छ र भोलीका दिनमा कहिकतै फेरीपनि थप्नुपर्ने व्यवस्था भयो भने यो गरिमामय सदनले फेरीपनि परिमार्जन त गर्ने नै छ यो अधिकार त सभालाइ छदैछ । त्यसैले यो विधेयकमा जति दफाहरु छन् संशोधनहरु जुन सरकारबाट हामीले प्राप्त गरेका छौं त्यसमा केही संशोधनहरु गरिएका छन् । ति संशोधनहरु उपयुक्त छन् । मन्त्रिपरिषदले पास गरेर पठाउदा केही सामान्य फेरबदल गरिएको छ । त्यसैले केही फेरबदल गर्नुभएको छ । विधायन तथा प्रदेश मामिला समितिमा व्यापक छलफल भएको छ । लामो समय यसको छलफल भएको छ र यसलाइ हाम्रो विधायन तथा प्रदेश मामिला समितिको सभापतिले प्रस्तुत गर्नुभएको छ । त्यसैले यो विधेयक उपयुक्त छ र यो प्रदेशलाइ हामीले सबल बनाउन यो प्रदेशलाइ हामीले बझबुद बनाउन र सरकारका कामकारबाहीलाइ हामीले नियन्त्रण र लोकतन्त्रमुखी बनाउन व्यवस्थापिका सदनको महत्वपूर्ण अंग सभामुख र सभामुखको सचिवालय हो । त्यसैले सभामुख र उपसभामुखको सचिवालयलाइ बलियो र प्राविधिक रुपमा मजबुद व्यवस्थापकीय हिसाबले मजबुद एउटा दरो संस्थाको रुपमा सरकारले बनाउने खोजेको जस्तो मलाइ लागेको छ । त्यसैले यो सरकार पनि यो व्यवस्थालाइ बलियो बनाउने यो व्यवस्थापिका प्रदेश सभालाइ मजबुद बनाउन सभामुखको भूमिका लाइ महत्वपूर्ण बनाउनकै लागि यो विधेयक आएको छ । यो महत्वपूर्ण विधेयकलाइ पारित गरिदिन हुन र यो लोकतन्त्रलाइ मजबुद बनाउनहुन म यो गरिमामय सदनलाइ सभामुख मार्फत हार्दिक अनुरोध गर्दै आफ्नो भनाइ यही टुंग्याउछु धन्यवाद ।

**माननीय लाल बहादुर खड्का**

सभामुख महोदय, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यस सभामा धेरै लामो छलफल पछाडी मलाइ लाग्छ १ चोटी सरकारले प्रस्तुत गर्यो विधायन समितिले छलफल गर्यो त्यस पछाडी फेरी सरकार र विधायन समिति बसेर लामो छलफल पछि यो विधेयक आएको छ । र विधेयक कानून एकचोटी बनिसकेपछि परिमार्जन हुँदैन भन्ने छैन । त्यलाइ संशोधन गर्न सकिन्छ । त्यसकारण यो अलि चाँडै आउनुपर्थ्यो । ढिलो गरेर आएको छ सदनको सभाको सबै कामलाइ व्यवस्थित गर्ने कानून भएकाले ढिलो आएको छ । त्यैपनि यसलाइ चाँडो हामीले सदनले पास गरेर कार्यान्वयनमा लैजान आवश्यक छ म त्यो अनुरोध गर्न चाहान्छु । हाम्रो सदनको प्रदेश सभाको कामलाइ समग्रमा एउटैमा हेर्नु भन्दा पनि सदन सभा संचालनका केही विषयहरु होलान त्यसमा सबै राजनीतिक पार्टीहरुको सहभागिता जुन छलफल हुने त्यो ढंगको कार्यसुची बन्ने एउटा पाटो होला र अर्को संविधान सभाका अन्य सबै कामहरुलाइ व्यवस्थापन गर्नका लागि सभामुख कै संयोजकत्वमा जुन खालको सचिवालयको व्यवस्था छ यले अरु धेरै कामहरु गर्नुपर्ने छ । हामीले बनाएका कानूनहरु हाम्रा छलफलका विषयहरुलाइ व्यवस्थित गर्ने, यलाइ पारर्दशि बनाउने तेलाइ अझ संस्थागत गर्ने कुरा होला लगायतका थुप्रै विषयहरु छन् र यसलाइ व्यवस्थित गर्नका लागि सभामुखको नेतृत्वमा जुन एउटा टिम यसले प्रस्ताव गरेको छ त्यो अत्यन्तै उपयुक्त छ भन्ने मलाइ लागेको छ । र यलाइ अलिकति हाम्रो बुझाइमा कही भिन्नता हो कि भन्ने पनि मलाइ लागेको छ । त्यसै हुनाले हामी नेपालमा प्रदेश सभाको पहिलो अभ्यासमा छौं र हामी केही कुरामा माथिल्ला सदनका परम्पराहरुलाइ त्यहाँका व्यवस्थाहरुलाइ सिकाइको रुपमा हामीले अगाडी बढाएको छौं । अब हामीले विगतका परम्पराहरु त्यहाँ सिकाइ र अन्य क्षेत्रको सिकाइबाट नयाँ ढंगले हाम्रो प्रदेश सभालाइ अझ व्यवस्थित बनाउने, अझै यहाँका कामकारबाहीहरुलाइ जनताका विचमा पुर्याउने अझ पारदर्शी बनाउने लगायतका सांसदहरुको यहाँको प्रदेश सभाको क्षमतालाइ विकास गर्ने र अरुको तुलनामा अझ कसरी यलाइ व्यवस्थित गर्ने भन्ने सवालमा पनि यो प्रदेश सभा जान सकोस र यो पहिलो प्रदेश सभा भएका कारणले पनि हामीले एउटा ट्र्याक बनाइदियो भने भोलीका दिनमा त्यो ट्र्याकले अझ राम्रो सुदुरपश्चिम प्रदेशको प्रदेश सभाको Exercise त्यहाँ भित्रका अरु कुराहरुले पनि कमसेकम अनुसरण गर्ने ढंगले जान सक्यो भने अँझ राम्रो हुन्छ । म त शुभकामना दिन चाहान्छु यो नियमावली बनिसकेपछि हाम्रा नियमित कामहरु ऐन कानून बनाउने देखि प्रदेश सभा संचालनका कामहरु एकातिर छन् त्यो संगसँगै हाम्रा सबै गतिविधिहरुलाइ अँझै कसरी व्यवस्थित गर्ने अझ कसरी परिस्कृत गर्ने र अझ सबैले जान्ने गरी सुन्ने गरी सबैले अनुभव गर्ने गरी र अरु भन्दा पनि हामीले अलिकति अग्र गतिमा कसरी लैजान सक्ने भन्ने विषयमा पनि यो ऐनले हामीलाइ बाटो देखाउने छ अगाडी बढाउने छ र यो ऐनका विषयमा जे खालका विधेयकमा आएका कुराहरु छन् त्यो धेरै छलफल भइ सक्यो धेरै छलफल हामीले अलि लामो छलफल चलाएको मलाइ लाग्छ १/२ वटा विषय मध्येको यो विषय पनि हो अलि लामो छलफल चलायौं । त्यसका सबै पाटोबाट त्यसका सबै कोणबाट हामीले छलफल गरिसकेका छौं । त्यसो हुनाले हामी यो अधिवेशनको उत्तरार्धतिर पनि छौं । मलाइ लाग्छ केही दिन भित्र यो अधिवेशन समापन हुनेछ । त्यसो हुनाले यो ऐनलाइ पारित गरेर अब आउने नयाँ अधिवेशनमा त्यो ऐनले नै हामीलाइ गाइड गरेर नया ढंगले अगाढी बढ्ने खालको प्रेरणा दिओस त्यो खालको म अनुरोध गर्न चाहान्छु र म यो सभा समक्ष यो विधेयक पारित गरिदिनका लागि हार्दिक अनुरोध गर्दै आफ्ना भनाइ यही टुंग्याउछु हओस धन्यवाद ।

**माननीय पूर्णा जोशी,**

माननीय सभामुख महोदय, लामो समयको छलफल पश्चात विधायन तथा प्रदेश मामिला समितिबाट छलफल भएर आएको प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभा समक्ष छलफल भइसकेको छ । समितिले लामो छलफल गरेर केही नितिगत रुपमा निर्णय गरेको छ । हामीलाइ थाहा छ हामी निर्वाचित भएर पहिलो बैठक बसिसकेपछि रित्तो हातको रुपमा कुनै पनि प्रकारको सस्त्र नभइकन हामी प्रदेश सभामा आएका थियौं । हामीले गर्ने जिम्मेवारीहरु थुप्रै थिए । आफ्ना लागि आफै कानून बनाउने प्रदेश सभाबाट बन्नुपर्ने कानूनहरु तत्काल बनाउनु पर्ने । यो सबै कामहरुलाइ व्यवस्थापन गर्नको लागि प्रदेश सभा सचिवालय पूर्ण हुनुपर्थ्यो त्यो पूर्ण हुन सकिरहेको अवस्था थिएन । कर्मचारी समायोजनको विषय पनि सँगसँगै बयो । विगत १ वर्षदेखी कर्मचारी समायोजनको विषय थाती रह्यो । कर्मचारी समायोजन भयो तर पनि सुदूरपश्चिम प्रदेश कसैको रोजाइमा परेन । एक तह बढुवा दिएर प्रदेशमा आउदाखेरी पनि कर्मचारीहरुको रोजाइको विषय बनेन र आवश्यक पर्ने कर्मचारीहरु यो ठाउमा पुगेनन् । फेरीपनि अभावमा बस्नु पर्ने । जसरी भान्सामा सबैलाइ खुवाएर आमा भोको बस्नुपर्ने परिस्थिति पनि आउन सक्छ । त्यसतै किसिमको अवस्था हाम्रो सुदूरपश्चिम प्रदेशलाइ भयो । त्यसैले गर्दा खेरी यो विधेयक पहिला आउनु पर्थ्यो। अलिकति ढिलो भएको छ । ढिलो भएर पनि अहिले निकास दिएर ल्याएको छ । मैले यलाइ सकारात्मक रुपमा लिएको छु । हाम्रो सबै व्यवस्थापनहरु गरिबको पछ्यौरी जस्ता हुने गर्दछन् । गरिबको पछ्यौरी प्वाल परेको हुन्छ । ओड्दाखेरी कतै टाउको छोपेभने खुट्टा नछोपिने खुट्टा छोपेभने ढाड नछोपिने जस्ले गर्दा खेरी उनीहरुलाइ एउटा आभास भइराख्ने हामी अभावमा छौं भन्ने आभास भइरहने । त्यो आभास हाम्रो व्यवस्थापनले दिएको थियो । ढिलै भएपनि यो विधेयकले यो समस्याको समाधान गर्छ जस्तो लागिराछ । जनशक्तिको आपूर्ति गर्न नसकिएको अवस्थामा यो विधेयक आइसकेपछि हामीलाइ एकप्रकारको आवश्यक अवयवहरु यले पुरा गर्छ । हामीले नतिजा नदिइरहेको अवस्थामा हामी काम गरिराख्याछौं भनेर हामीले जनतालाइ भन्याछौं । तर नतिजा दिन नसकिरहेको अवस्था छैन । त्यो नतिजा दिन नसकिएको परिस्थिति भनेको एउटा कर्मचारी अथवा सचिवालयले पूर्ण रुपमा अधिकार सम्पन्न सचिवालय नभएको कारण पनि हो । त्यसैले यो अधिकार एउटा प्राप्त भएको छ । यसलाइ एउटा विधेयक आएको छ यसलाइ कुनै एकांकी तरिकाले नहेरिदिनको लागि पनि मैले विनम्र अनुरोध गर्न चाहान्छु । सचिवालय भनेको विसुद्ध रुपमा व्यवस्थापन गर्नको लागि र यहाँको कामको लागि व्यवस्था गर्नको लागि आवश्यक पर्ने कर्मचारी र यहाको सभामुख उपसभामुख लगायतको वाहाहरुले गर्न काम हो । कसरी सरकारलाइ कसरी यो सभालाइ व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा यसले ल्याउने भएको हुनाले यसमा जनतालाइ नतिजा दिन नसकेको हामी आफै पनि एउटा ग्लानी बोध गरिरहेको अवस्थामा यसले नतिजा दिन्छ भन्ने मलाइ लागिराख्या छ । त्यसै गरिकन हामीले लामो समय संक्रमण यो व्यवस्थापन पनि संक्रमण थियो । एउटा स्थायी व्यवस्थापन भइसकेपछि यसले जस्तो सचिवलाइ नियुक्ति गर्ने कुराहरु अर्को कुराहरु यो लामो समयसम्म रहने एउटा वैधानिक आयोगले वैधानिक तरिकाले एउटा बाटो दिएर व्यवस्थापन गरिसकेपछि यो खालको व्यवस्थापन अथवा टालटुले व्यवस्थापन प्रदेश सभाले गरिरहनु पर्दैन । त्यसैले गर्दाखेरी यो सचिवालयलाइ पूर्ण अधिकार सम्पन्न बनाउने गरिकन बाटो खुलाइदिएर यो प्रदेशमा राम्रो नतिजा दिने प्रदेश सभालाइ नतिजामुखी स्पिडमा हिड्न सक्ने खालको स्पिड दिनको लागि यो कानून आवश्यक थियो आयो यलाइ सबैले एउटा साझा कानूनको रुपमा बुझ्नको लागि मैले अनुरोध गर्न चाहान्छु र आगामी दिनमा कर्मचारी नभएको कारणले गर्दाखेरी नतिजा दिन सकेनौं भन्ने खालको प्रदेश सभाको गुनासो हाम्रो गुनासो यसले सदाको लागि अन्त्य गर्छ भन्ने लाग्छ र वर्षे अधिवेशन शुरु भइसकेपछाडी हामीले नीति तथा कार्यक्रम बजेट इत्यादी आउछ हामीले सबै कामहरु प्रदेश सभाको

सचिवालयबाट हुने ढिलाइको कारणले गर्दाखेरी यो व्यहोर्नुपर्ने छैन । हामील गति प्राप्त गर्नेछौं भन्ने कुराहरु राख्न चाहान्छु र यसलाइ पारित गरिदिनको लागि अनुरोध पनि गर्न चाहान्छु । धन्यवाद ।

**(बोलि सकेपछि)**

२८. **माननीय सदस्यहरू,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

२९. **माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख ज्यू, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि माननीय महेशदत्त जोशी, माननीय लाल बहादुर खड्का, माननीय पूर्णा जोशीले आफ्ना महत्वपूर्ण धारणाहरु यहाँ प्रश्तुत गर्नुभएको छ । सरकारले ढिलै ल्याएपनि अत्यन्त महत्वपूर्ण विधेयक हो । देर आया दुरुष्त आया भनेजस्तै बहुत राम्रो मिलाएर ल्याया भन्ने खालको भनाइ वाहाहरुको हामीले पायौं । अब यो संस्था सदनमा रोलिङ पार्टी मेजर अपोजिसन हुन्छ । कार्य व्यवस्था समितिमा पनि त्यो खालको व्यवस्था छ र नितान्त सभामुखज्यूलाइ सहयोग गर्ने प्रशासनिक हिसाबले कानूनी हिसाबले र प्राविधिक हिसाबले सहयोग गर्ने सचिवालयलाइ Disputed बनाउनु हुँदैन विवादित बनाउनु हुँदैन । त्यसलाइ दलिय ढंगको स्मेल आउने ढंगको हुनुहुन्छ भन्ने कोणबाट माननीयज्यूहरुका महत्वपूर्ण भनाइहरु प्रश्न भन्दा पनि सुझावहरु आएको जस्तो मलाइ लाग्या छ । हुनत लोकतन्त्रको सुन्दर्ता भनेकै सहमति सहकार्य हो । सबै काममा हामीले सहमति र सहकार्यबाट बढ्न खोज्नु पर्दछ । कतिपय संरचना र संस्थाहरु यस्ता हुन्छन् जस्को डिमार्केशनलाइ बोडरलाइनलाइ हामीले क्रस गरेर जान सक्दैनौं । एउटा गरिमामय र महत्वपूर्ण संस्थालाइ राजनीतिको आवरण भन्दा बाहिर ल्याउनु पर्दछ । त्यसलाइ निष्पक्ष पारदर्शी जवाफदेही र सर्वस्वीकार्य संस्थाको रुपमा अगाडी बढाउनुपर्छ भन्ने माननीयज्यूहरुका सुझावहरु भनाइहरु प्रस्तुत भएका छन् । म यहाँहरु सबैलाइ हार्दिक धन्यवाद दिन चाहान्छु । समितिले व्यापक छलफल गरेर प्रदेश मामिला तथा विधायन समितिले लामो छलफल गरेर यो खालको प्रतिवेदन यहाँ प्रस्तुत भएको छ । यो सभामा गहन छलफल भएको छ । यो सभाको क्षेत्राधिकार हो विशेषाधिकार हो । यसैगरी सरकारले पटक पटक यसमा सर्वसम्मति खोज्नका निम्ति समितिमा पटक पटक पठाएकै हो । यहाँहरु माननीय सदस्यज्यूहरुलाइ सम्मानित सभालाइ यो कुरा जानकारी नै छ । त्यसैले अब यो विधेयक जुन ढंगले यो गरिमामय संस्थालाइ फंसनिङ गर्नका निम्ति निष्पक्ष ढंगले गतिशिल ढंगले जनमुखी ढंगले पारदर्शि ढंगले कार्य गर्न अगाढी बढ्नका निम्ति सघाउने जुन सचिवालय छ यसलाइ व्यवस्था गर्न सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन आएको छ त्यसमा महत्वपूर्ण यहाँहरुका धारणा आएका

छन् । समितिले पनि सकेसम्म सर्वसम्मति कायम गर्ने प्रयत्न गरेको छ र जुन ढंगले आएकोछ यसलाइ हामीले पारित गर्नुको विकल्प छैन । यसलाइ स्वीकार गरेर नै जानुपर्छ । लोकतन्त्रमा कहिले काही सर्वसम्मति गर्न नसकिने ठाउपनि काहीनेर त्यसता क्षणहरु पनि आएछन् । त्यसलाइ अन्यथा लिनु हुँदैन । हामीले मेजर फंसनिङमा मेजर पोलिसिहरुमा गाइडिङ प्रिन्सिपलहरुमा गोभर्निङ य्याक्टहरुमा सहमति खोज्नुपर्छ र अब एउटा निष्पक्ष र गरिमामय संस्थालाइ सहयोग गर्ने सचिवालय निर्माण गर्ने सन्दर्भमा आम सहमति हुन नसकेपनि माननीय सदस्यज्यूहरुले यसका पछाडी समितिका धारणाहरु आफ्ना धारणाहरु वजनदार ढंगले प्रस्तुत गर्नुभएको छ । त्यसका निम्ति म हार्दिक धन्यवाद दिन चाहान्छु ।

*(जवाफ दिईसकेपछि)*

**३०. माननीय सदस्यहरू,**

अब,म **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ११ (एघार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ११ (एघार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**३१. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि २९ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू तथा अनुसूची-१ **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २९ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू तथा अनुसूची-१ सर्वसम्मतीले **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**३२. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना** : प्रदेश सभाको काम, कारबाही सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९५ बमोजिम सुदुरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१)यस ऐनको नाम “सुदुरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

***(पढेर सुनाएपछि)***

**३३.माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**३४. माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता <u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह</u> लाई **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख ज्यू, प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**३५. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**३६. माननीय सदस्यहरू,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**३७. माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल बैशाख ११ गते बुधबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।